# गाउँपालिका अध्यक्ष श्री परविन गुरुङज्यूले पेश गर्नेभएको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम

## विहादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## विहादी, पर्वत

## गण्डकी प्रदेश, नेपाल

# विहादी गाउँपालिकाको आ.व. २०७९।८० को नीति तथा कार्यक्रमहरु

मिति २०७९ साल असार १० गते

विहादी गाउँपालिकाको सम्मानित दशौँ गाउसभाका आदरणीय सभा सदस्य ज्यूहरु, उपस्थित महानुभावहरु, कर्मचारी तथा पत्रकार मित्रहरु,

विहादी गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

समग्र मुलुकको आर्थिक सामाजिक अवस्था अस्तव्यस्त भई स्वास्थ्य, शिक्षा, कृषि उत्पादन, बातवरण एवम् सेवा तथा विकास प्रवाह लगायतका सामाजिक सेवाहरुमा देखिएको चुनौतिहरु सामना गर्न हामि सवै आ-आफ्नै ठाउँबाट जुटिरहेको अवस्थामा विहादी गाउँपालिकाको आ.व. ०७९।८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा विहादी गाउँपालिकाको तर्फबाट यहाँहरुलाई हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

संघीय शासन प्रणालीको अनुरुप स्थानीय सरकारको निर्वाचन २०७९ बाट विहादी बासिले मलाई विहादी गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित गरेर जिम्मेवारी दिनु भएको छ । मेरो कार्यकालको १८२५ दिनको सुरुवात सँगै विहादी गाउँपालिकाको दशौँ गाउँसभाको अवसरमा नेपाली जनताको अथक प्रयास, सदियौँ देखिको चाहना, विभिन्न कालखण्ड र समयमा सम्पन्न आन्दोलनको उपलब्धीको रुपमा प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्रलाई संस्थागत गर्दै समुन्नत विहादी, सम्मानित विहादीवासी को अभियान सहित नीति तथा कार्यक्रममा लोकतन्त्र प्राप्तीको लागि विभिन्न आन्दोलनमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

विहादी गाउँपालिकाको समग्र विकासको नेतृत्व गर्नुहुने सम्पूर्ण सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुको अमुल्य योगदानको स्मरण पनि गर्न चाहन्छु ।

आदरणीय सभा सदस्य ज्यूहरु

समृद्ध सवल र सुन्दर विहादीको निर्माण गर्ने कार्यमा आर्थिक सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, पूर्वाधारको विकास, वातावरण संरक्षण र सुशासनका माध्यमबाट समुन्नत विहादीको पहिचान स्थापित गर्न स्थानीय सरकार दृढ संकल्पित रहेको छ । यस कार्यको लागि सम्पूर्ण जनप्रतिनिधिहरु, राजनितिक दल, कर्मचारी, शिक्षक, समाजसेवी, बुद्धिजिवि, साझेदार सरकारी तथा गैरसरकारी संघ संस्था, संचारकर्मी एवम सम्पूर्ण बुबाआमा, दाजुभाई तथा दिदिबहिनी हरुबाट रचनात्मक सुझाव तथा मार्ग निर्देशनको लागि थप सहयोग, हौसला र खवरदारीको समेत अपेक्षा गरेको छु ।

नेपालको संविधानले प्रत्याभुत गरेका मौलिक अधिकारहरुको उच्चतम अभ्यास गर्दै विहादीलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले व्यवस्थित, लैङ्गिक रुपले महिला मैत्री, बालमैत्री, भिन्न क्षमता एवम्, सामाजिक रुपले समावेशी सहभागितात्मक समतामुलक, वातवरणीय रुपले स्वच्छ, तथा व्यवस्थापकीय रुपले सु-व्यवस्थित, शैक्षिक, प्रशासनिक र पर्यटकीय स्थानको रुपमा विकसित गर्दै विहादीलाई नमुना गाउँपालिका बनाउने, तथा विदेशबाट फर्किएर आएका युवाहरुलाई युवा प्रोत्साहनको लागी एक घर एक कृषि युवा स्वरोजगार कार्यक्रम सञ्चालन तथा विशेष प्याकेज कार्यक्रम मार्फत उद्धमशिलता विकास गर्ने प्रतिबद्धता प्रकट गर्न चाहन्छु ।

वर्षायामको शुरुवात सँगै हुन सक्ने विपदमा आफु कटिबद्ध रही जनताको सुरक्षाको प्रत्याभुती दिलाउन सम्पूर्ण विहादी बासी युवा साथीहरु, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, कर्मचारी, राजनितिक दल, उद्योगी व्यवसायीहरुलाई विपद व्यवस्थापनको लागि सहयोगको अपिल गर्दै शासकीय व्यवस्था, प्रचलित कानुन र विधिको अधिनमा रही सार्वजनिक सेवा प्रवाह गर्नुभएका राष्ट्रसेवक कर्मचारीहरु प्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखी अझ प्रभावकारी गुणस्तरीय सेवा प्रदान गर्नुहुन सम्पूर्ण कर्मचारीहरुलाई उत्प्रेरित हुन हार्दिक अनुरोध गर्दछु ।

आदरणीय सभा सदस्यज्यूहरु अव म आर्थिक वर्ष ०७९।८० को समग्र निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष ०७९।८० का निति तथा कार्यक्रमहरु :

**आर्थिक विकास :**

- कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यउवसायिक खेती प्रणाली अबलम्बन गरिने छ । परिक्षणका आधारमा पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिलाई विविधिकरण र व्यवसायिकरण गर्दै कृषकलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- कृषि क्षेत्रलाई व्यवसायिकरण र आत्मनिर्भर गर्न विविधिकरण, आधुनिकिकरण यान्त्रिकिकरणमा जोड दिँदै संचालित कार्यक्रमहरुमा दिँदै आएको अनुदानलाई निरन्तरता दिईने छ ।
- एक वडा एक नर्सरी र एक घर एक टनेल कार्यक्रमलाई अनुदान तथा साझेदारीमा यस वर्ष पनि निरन्तरता दिइने छ । साथै तरकारी खेतीको लागि सिंचाईको पहुँच नभएको ठाउँमा प्लाष्टिक पोखरी निर्माण गरिने छ ।
- माछापालन, बाख्रापालन, पशुपालन, फलफुल खेती, तरकारी खेती, दुग्ध उत्पादनजस्ता कृषिजन्य उद्योगहरुमा नविनतम प्रविधिको प्रयोग गरि उत्पादनमा जोड, संकलन केन्द्र, बजार व्यवस्थापन र अनुदान कार्यक्रम अगाडी बढाईनेछ ।
- कृषकहरुले उत्पादन गरेको कृषि उपज बजार सम्म पुर्याउन साझेदारीमा कृषि एम्बुलेन्स सेवा संचालन गरिने छ ।
- गोठ सुधार कार्यक्रम, व्यवसायिक पशुपालन, मौरीपालन, माछापालन, मासु उत्पादन, दुग्ध तथा पोल्ट्रिजन्य बस्तुको उत्पादनलाई प्रोत्साहन गरी आत्मनिर्भरता तर्फ उन्मुख गराईने छ ।
- अनुपस्थित भू-स्वामित्व तथा खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृत्तिको अन्त्यका लागि पहल गरिने छ । बैज्ञानिक भू-उपयोग निति बनाउन सुरुवात गरिने छ ।
- पर्यटन मार्फत आर्थिक विकासका लागि धार्मिम तथा पर्यटकिय क्षेत्रको महिचान, संरक्षण र विकासमा जोड दिइनेछ । शिला शालिग्राम, शिवपुरीधाम, बच्छेश्वर, शितल गुफा लगायतका धार्मिक क्षेत्रहलाई संरक्षण गरी धार्मिक तथा पर्यटकीय पहिचान स्थापित गर्दै नयाँ पर्यटकिय गन्तव्यको खोजिलाई निरन्तरता दिन पर्यटन गुरुयोजना तयार गरिने छ ।
- पर्यटकीय भ्यू-टावर निर्माण तथा Paragliding को संम्भाव्यता अध्ययन गरिने छ । विहादी ५ उरामपोखराको लामाचौरमा Paragliding को पुर्वाधार निर्माण कार्य सम्पन्न गरि इच्छुक संस्थालाई व्यवसायिक रुपमा संचालन गर्न अनुमति दिइने छ ।

- बैंक तथा वित्तिय संस्थासाग समन्वय गरि न्यूनतम व्याज दरमा कृषि कर्जा उपलब्ध गराउन पहल गरिनेछ ।
- कृषक कल्याणकारी बचत कोषलाई निरन्तरता दिईनेछ ।
- निर्माणाधिन औद्योगिक ग्राम पुर्वाधार निर्माण कार्यला२ समयमै सम्पन्न गरी साना उद्योग तथा स्थानीय उत्पादनलाई अन्तर स्थानीय तहमा निर्यात गर्ने कार्यलाई प्रोसाहन गरिने छ ।
- एक वडा एक कृषि तथा पशु प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ ।
- कृषिजन्य उपजको विउविजन, बेर्ना, किटनासक औषधि, मल, घाँसको विउ वितरण तथा पशु खोर तथा नश्ल सुधार तालिमको व्यवस्था गरिनेछ ।
- बेरोजगारहरुको पहिचान र सूचीकर० गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई रोजगारीको प्रत्याभूति गरिने छ ।
- मठ, मन्दिर, गुम्बा र कला संस्कृतिलाई जगेर्ना गर्न विशेष पहल गरिनेछ ।
- रोजगार सेवा केन्द्र अन्तरगत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विहादी गाउँपालिका भित्रका अति विपन्न बेरोजगार व्यक्तिहरुला२ जिवन निर्वाह हुने गरि रोजगारीमा संलग्न गराईने छ ।
- न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायीक कृषि, सिंचाई खानेपानी, नदी नियन्त्रण, वन पर्यटन, यातायात पुर्वाधार लगायत सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरि रोजगारी सिर्जना गरिनेछ ।
- सरकारि निजी तथा गैरसरकारी क्षेत्रहरु विचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सिर्जना गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवसायी कृषि सँगै आबद्य गरि उत्पादनमुखी बनाईने छ ।
- आन्तरिक रोजगारी सिर्जना सम्बन्धि अध्ययन गरि थप रोजगारीका नयाँ क्षेत्रहरु पहिचान गरिने छ ।
- गाउँगाउँमा साना उद्योगहरुको विकासका लागि उद्धमिहरु छनौट गरि विभिन्न उद्धमशिलता तालिम सञ्चालन गरिनेछ ।
- लघु उद्धम कार्यक्रम मार्फत सिर्जना भएका उद्यमिहरुले उत्पादन गरेका वस्तु वा सेवाको बजारीकरणको लागि आवश्यक सहयोग गरिनेछ ।

**सामाजिक विकास :**

- आधारभूत तह उमेर समुहका सम्पूर्ण बालबालिकालाई विद्यालय पहुँचको सुनिश्चितता गर्दै निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गरिनुका साथै कक्षा १२ सम्मको शिक्षालाई निशुल्क बनाउने अवधारणा अगाडी ल्याईनेछ ।
- पूर्व प्राथमिक शिक्षालाई प्रभावकारी बनाउन कक्षा १ र बालविकास केन्द्रको विचमा के.जि. कक्षा सञ्चालन गर्ने नितिलाई निरन्तरता दिइने छ ।
- विद्यार्थी संख्या तथा भौगोलिक विशेषतालाई मध्यनजर गर्दै विद्यालय समायोजन तथा कक्षा मिलान कार्यक्रम अगाडी बढाईनेछ र विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान कार्यलाई पुनरावलोकन गरिनेछ ।
- जेहन्दार, दलित, जनजाती, अपाङ्ग र विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।
- गाउँपालिकाकाले सञ्चालन गर्दै आएको सिकाई उपलब्धी मापन परीक्षा, आधारभूत तह तथा अन्य कक्षाको परीक्षाको तथा अतिरक्त क्रियाकलापलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

- बालविकास सहजकर्ता, विषयगत शिक्षक तालिम, पुनर्ताजकी तालिम, ICT तालिम तथा प्र.अ.हरुलाई विद्यालय व्यवस्थापन तालिमका साथै नेत्रृत्व विकास तालिम सञ्चालन गरिने छ ।
- माध्यमिक तथा आधारभूत विद्यालयमा सूचना प्रविधिको प्रयोगलाई अनिवार्य बनाइनुका साथै विद्यालयमा ICT कार्यक्रमलाई प्रभावकारी बनाउन प्राविधिक सेवा उपलब्ध गराईने छ ।
- स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।
- राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता तथा अध्यक्षकप खेलकुद व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- राष्ट्रप्रति शैक्षिक सुधार कार्यक्रमलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- प्राथमिक तहमा गणित विषयलाई अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने तथा विद्यार्थी डायरी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- आधारभूत तह कक्षा (१-८) सम्मका बालबालिकाहरुलाई निशुल्क दिवा खाजाको व्यवस्था गरिनेछ ।
- एक वडा एक सामुदायिक पुस्तकालायको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा बायोमेट्रिक हाँजिरी जडानलाई निरन्तरता दिई सवै विद्यालयहरुमा E-Attendance System को व्यवस्था गरिनेछ ।
- सिकाई स्तर कमजोर भएका विद्यार्थीहरुलाई विशेष कक्षा सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।
- प्रत्येक वडाहरुमा कम्तिमा एक वटा भलिवल, क्रिकेट तथा फुटबल खेल मैदानको स्तरोन्नती गरि खेल प्रति रुचि राख्ने युवाहरुलाई विभिन्न खेल सम्बन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- निशुल्क लोकसेवा तथा शिक्षक सेवा आयोगको कक्षा सञ्चालन गरिने छ ।
- प्राविधिक शिक्षा तथा उच्च शिक्षा सञ्चालन गरेका शैक्षिक संस्थाहरुलाई अनुदान उपलब्ध गराईनेछ ।
- गुणस्तरिय समसामयिक परिवर्तन पाठ्यक्रम अनुसारको शिक्षण सिकाईको लागि सूचना प्रविधियुक्त बालमैति विद्यालय एवम् एक शिक्षक एक ल्यापटप तथा एक कक्षा एक प्रोजेक्टरको निति अवलम्बन गरि क्रमश कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका अन्तरगतका विद्यालयहरुमा विज्ञान प्रयोगशाला व्यवस्थित गरिनेछ ।
- भाषा, साहित्य, संगित कलाको प्रवर्धनको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- विहादी गाउँपालिकाको एकमात्र वहाकी सामुदायिक क्याम्पस र नेपालतारा प्राविधिक शिक्षालयलाई गुणस्तरीय र व्यवहारिक शिक्षा प्रदान गर्न नियमित अनुदानको व्यवस्था गरिनेछ ।
- कोरोना भाईरसको संक्रमण तथा अन्य संक्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापनका लागि पालिका तथा वडा स्तरीय संयन्त्र सञ्चालन गिरने नीति अबलम्बन गरिने छ । उक्त कार्यका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, लगायत सवै निकाय र समुदायको सहभागितामुलक जिम्मेवारी र भुमिका बाडफाड गरि परिचालन गरिनेछ ।
- गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा सञ्चालित ल्याब सेवालाई अझ प्रभावकारी र गुणस्तरीय बनाउँदै थप स्वास्थ्य संस्थामा विस्तारको नीति अबलम्बन गरिनेछ ।
- एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्दै निरन्तर संचालनको व्यवस्था मिलाईनेछ ।

- स्वास्थ्य सुरक्षाका सामाग्री, औषधि लगायत अन्य आवश्यक सामग्रीको व्यवस्थापन गरि स्वास्थ्य सेवामा सवै नागरिकहरुको पहुँचलाई सुनिश्चित गर्न आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य सेवा सहज रुपमा नागरिक सम्म पुर्याउन बाच्छाको बाह्रविसेमा सञ्चालित २४ घन्टे प्रसुती सेवा सहितको आधारभूत सवास्थ्य सेवा र उरामको गेप्ताङमा सञ्चालित सामुदायिक स्वास्थ्य इकाइलाई व्यवस्थित गरिनेछ ।
- घरमै हुने प्रसुतीलाई निरुत्साहित गर्दै आमा र शिशुको स्वास्थ्यमा प्रवर्धन गर्न पूर्ण सस्थागत प्रसुनी कार्यक्रमलाई प्रोत्साहित गरिने छ । स्वास्थ्य संस्थामा प्रसुति हुने सुत्केरी महिलालाई पोषण प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
- मातृ तथा नवशिशु मृत्यु हुन नदिन स्वास्थ्य संस्थामा सुत्केरी भएका तथा सवै सुत्केरी महिलाहरुको PNC Home Visit लाई प्रभावकारी र अनिवार्य रुपमा सञ्चालन गरिनेछ ।
- खोप पाउने बालबालिकाहरुको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै पूर्णखोप प्रदान गरि पूर्णखोप सुनिश्चित पालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आगामी आर्थिक वर्षबाट राष्ट्रिय निति अनुसार ५-११ वर्ष सम्मका बालबालिकहरुलाई कोभिड विरुद्धको खोप सञ्चालन गरिनेछ भने १२ वर्ष माथिका सवै नागरिकहरुलाई कोभिड विरुद्धको पूर्ण तथा बुष्टर खोप प्रदान गरि कोभिड विरुद्धको पूर्णखोप पालिका घोषणा गर्ने नीति अबलम्बन गरिनेछ ।
- स्वास्थ्य संस्थामा सेवा लित आउने सेवाग्राहीलाई नेपाल सरकारको मापदण्ड अनुसार प्रदान गरिने सवै प्रकारका औषधिहरुको आपुर्ति बाह्रै महिना सुनिश्चित गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सेवा प्रति प्रोत्साहित गर्दै स्वास्थ्य सेवा संचालनमा आकर्षण गराईनेछ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता एवं दक्षता अधिवृद्धि गर्न र अत्यावश्यक सेवा संचालनका लागि आवश्यक सिपमुलक तालिम सञ्चालनका लागि संघीय तथा प्रदेश सरकार तथा सहयोगी संस्था संघ आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ भने विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई थप प्रभावकारी गराइनेछ । पोषण मैत्री स्वास्थ्य संस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- क्षयरोग, मलेरिया, हात्तीपाइले लगायत अन्य संक्रामक रोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिन राष्ट्रिय प्रोटोकल अनुसार संचालन गर्ने तितिलाई अबलम्बन गरिने छ ।
- किशोर किशोरी स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक रणनीति अवलम्बन गरिनेछ । प्रत्येक परिवारलाई एक लाख सम्मको निशुल्क स्वास्थ्य विमाको अवधारणा अगाडि बडाईनेछ । अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँच पुर्यान आवश्यक नीति लागु गरिनेछ ।
- शालिग्राम आयुर्वेदिक औषधालयलाई प्रभावकारि सेवा संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- ६० वर्ष माथिका नागरिकहरुको घरघरमा गई अर्धवार्षिक रुपमा स्वास्थ्य परिक्षण गरिनेछ ।

- मुटु, मृगौला र क्यान्सर जस्ता रोग लागेको वृद्ध तथा विपन्न वर्गका नागरिकलाई निशल्क स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- गर्भवती महिला र जेष्ठ नजागरिकलाई अस्पताल सम्म पुर्याउनको लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- जुम्ल्याहा शिशुहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी जुम्ल्याहा शिशु स्तनपान भत्ता वितरण गरिनेछ ।
- ग वर्गका अपाङ्गहरुको लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक तथा क वर्ग र ख बर्गका अपाङ्ग व्यक्तिहरुको लागि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- सुचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक वडाका वडा सचिवहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारले प्रदान गर्दै आएको अपाङ्ग, एकल महिला र वृद्धभत्तालाई हाललाई वडाबाट वितरण गर्ने व्यवस्था मिलाईने छ र यो कार्यक्रमलाई निरन्तर घरघरमा पुर्याउने निति अवलम्बन गरिनेछ ।
- सामुदायिक विद्युतिकरणलाई क्रमश: नेपाल विद्धुत प्राविधकरणमा रष्ट्रियकरण गरिनेछ ।
- विहादी गाउँपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउन गाउँपालिकाको Digital Village Profile निर्माण गरिनेछ ।
- पालिकाको ५ वर्षे गुरुयोजना निर्माण गरि १ वर्ष भित्रमा पालिका क्षेत्रभित्र रहेका वडा नं १ देखि ६ सम्म सडक, ढल, खानेपानी, पाईपलाई, सडक बत्ती, टेलीफोन, प्रतिक्षालयहरुको निर्माण लगायतका भौतिक पुर्वाधारहरुको डिजिटल प्रोफाईल तयार गरि एकिकृत विवरण संकलन गरिनेछ । विग्रेका ढलबाट थप क्षति हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामाग्री र जनशक्ति परिचालन गरिनेछ । खानेपानी र विद्युत महशुलमा अवस्था हेरी छुट प्रदान गरिनेछ ।

**पुर्वाधार विकास :**

- संघ तथा प्रदेश सरकारसँग समन्वय गरि गाउँपालिका भित्रका बाटाहरु कालोपत्र गर्ने निति अवलम्बन गरिनेछ ।
- सेतीवेणी शीला शालिग्राम देखि उरामपोखराको शिवपुरी धाम हुँदै भतेरपाता, सल्यान, बच्छेश्वर, बाच्छाखोला, बर्राचौर, रानीपानी हुँदै सेतीवेणी जोड्ने चक्रपथ (रिङरोड) निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- विहादी गाउँपालिका ३ नं. वडा ईमिचउरमा मिनि रंगशाला निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।
- फोहोर व्यवस्थापनको लागि पालिका भित्रका मुख्य मुख्य ठाउँहरुमा फोहोर संकलन गर्न डस्ट विनको व्यवस्था गरिनेछ ।
- मुल सडकहरुलाई कालोपत्रे गर्ने र शाखा सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।
- पालिकाभित्रका ठूला प्रकृतिका पूर्वाधार आयोजनाहरुको अनिवार्य विस्तृत योजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

- ठूला तथा मझौता पूर्वाधार निर्माणका लागि प्रदेश/संघीय सरकारसँग समन्वय गरिनेछ ।
- सडक गुरुयोजना निर्माण गरि गाउँपालिका भित्रका सडकहरुलाई नक्सामा समावेश गरिनेछ ।
- नेपाल सरकारबाट जारी भवन निर्माण आचारसंहीता कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक सम्पत्तिको पहिचान गरि त्यस्त सम्पत्तिको दुरुपयोग तथा अतिक्रमणलाई निरुत्साहित गरिनेछ साथै प्रयोगमा नआएका र अलपत्र अवस्थामा रहेका संरचनाहरुको संरक्षण तथा जिर्णोद्वार गरि प्रयोगमा ल्याउने निति अवलम्बन गरिनेछ ।
- पालिका तथा वडा स्तरीय गौरवका योजनाहरु निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको कार्यालय र वडा कार्यालय जोड्ने गाउँपालिका स्तरिय सडकको स्तरोन्नतीमा विशेष ध्यान दिईनेछ ।
- एक घर एक धारा खानेपानी कार्यक्रमलाई प्रभावकारी बनाउन नयाँ स्रोतहरुको पहिचान तथा लिफ्टिङ्ग विधिबाट आधारभूत खानेपानी नपुगेको स्थानमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिईने छ, साथै पुराना आयोजनाहरुको मर्मत र सुधार गरिने छ ।
- विद्‌युत तथा वैकल्पिक उर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइनेछ । यस गाउँपालिकाको नर्माणाधिन जलविद्‌युत आयोजना तोकिएको समयमा सम्पन्न गराउन आवश्यक सहयोग, सहजिकरण र समन्वय गरिनेछ ।
- कालिगण्डकी जलाशययुक्त बहुउद्देश्यीय परियोजना निर्माणका लागि छिमेकी स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ ।
- कृषि उत्पादनमा वृद्धि गर्न कालिगण्डकी लिफ्ट सिंचाई आयोजनाको सम्भाव्यता अध्ययन गरिनुको साथै सिंचाई नहर, कुलाहरु र टंकीहरुको निर्माण कार्यलाई प्राथमिकताको साथ अगाडी बढाईनेछ ।
- भेडाबारी सल्यान, भतेरपाटा, गेप्ताङ, चिउरीखाल्टा, शिवपुरिधाम हुँदै डुँडखोला पर्यटकीय सडकको सम्भाव्यता अध्ययन गरिनेछ ।
- खोला तथा कालिगण्डकी नदिमा आवश्यकता अनुसार आकाशे तथा झोलुङ्गेपुल निर्माण कार्य अगाडी बढाईनेछ ।
- बाढी, पहिरो र विपद मा परेका परिवारलाई आवश्यक राहत उपलब्ध गराइनेछ साथै र प्रदेश सरकारसँग समन्वय गरि पुनर्स्थापना कार्यलाई अगाडी बढाउन पहल गरिनेछ ।
- सेतिवेणी, चर्काङ, छचन्ने उरामपोखरा सडक आ.व. २०७८।७९ मा संघीय सडकमा समावेश भई बजेट समेत विनियोजन भैसकेकोले उक्त सडकलाई प्रभावकारी रुपमा कार्यान्वयनको लागि पहल गरिनेछ ।
- गाउँपालिकाको बैज्ञानिक तवरले विकास गर्नको लागि पञ्चवर्षिक आवधिक योजना, भू-उपयोग तथा यातायात गुरुयोजना निर्माण गरिनेछ ।
- पालिकाभित्र अपाङ्गमैत्री तथा लैंगिक मैत्री सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन :**

- बाढी, पहिरो तथा नदि नियन्त्रणका लागि वृक्षारोपण, ग्याविन, तटबन्द निर्माण लगायतका कार्यहरुमा जोड दिईनेछ ।

- प्राकृतिक स्रोतको पहिचान र दिगो सदुपयोगका लागि सम्भाव्य प्राकृतिक स्रोत / स्थलको सम्भाव्यता र वातावरणीय प्रभाव अध्ययन IEE गरि स्रोत उपयोगलाई करको दायरामा समावेश गर्ने निति अवलम्बन गरिनेछ ।
- नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रि जस्ता कार्यहरुलाई प्रचलित कानुन अनुसार व्यवस्थित गरिनेछ भने निजी जग्गाबाट उत्पादित ढुंगागिटी, बालुवा जस्ता निर्माणमुखी पदार्थको विक्री वितरणलाई समेत व्यवस्थित गरिनेछ ।
- गाउँपालिका स्तरिय विपद प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ । विपद व्यवस्थापन कोषलाई व्यवस्थित बनाइ प्रभावकारि रुपमा परिचालन गरिनेछ ।
- पुर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि आवश्यक पुर्वाधारका कार्यक्रमहरु संचालनमा जोड दिइनेछ ।
- नयाँ निर्माण हुने सडक किनारा तथा खाली सार्वजनिक स्थानहरुमा बोटविरुवा एवम् फलफुल रोपि पर्यटनलई आकर्षित गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास :**

- गाउँपालिकाका आर्थिक क्रियाकलापलाई पारदर्शि बनाउनको लागि नियमित रुपमा खर्चको विवरण तथा प्रगति विवरण गाउँपालिकाको वेवसाईट मार्फत सार्वजिनिक गरिनेछ ।
- सार्वजनिक सेवालाई उत्तरदायी पारदर्शी र सरलीकृत बनाइनुका साथै सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविको अवलम्बनलाई संस्थागत गरिनेछ ।
- गाउँपालिकामा रहेको डिजिटल नागरिक वडापत्रलाई व्यवस्थित गर्दै वडा कार्यालयहरुमा समेत क्रमश डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- युवा, महिला, बालबालिका, दलित, जनजाती तथा पिछडिएका वर्गको सशक्तिकर०मा जोड दिँदै समुदायमा निर्णायक भुमिकाको पहुँचमा पुर्याउने आवश्यक निति अगाडी बढाइनेछ ।
- सामाजिक मेलमिलापको माध्यमबाट एक आपसमा सामाजिक सदाचार र पूर्ण सम्मानको महसुस हुने निति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्र परपेका उजुरीहरुको क्षेत्राधिकार भित्र रही न्यायीक समितिबाट समाधान गर्ने परिपाटिलाई व्यवस्थित गरिनेछ । न्यायकीक समिति तथा मेलमिलाम केन्द्रका पदाधिकारीहरु तोकी पदाधिकारिहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम / तालिम सञ्चालन गरिने छ ।
- महिला शसक्तिकरणका लागि नेतृत्व विकास तालिम, आय आर्जन तथा सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- घरेलु हिंसा, बहुविवाह, असुरक्षित वैदेशिक रोजगार, मानव बेचविखन लगायत बाट प्रभावित महिलाहरुलाई निशुल्क कानुनी सहायता प्रदान गरिनेछ ।
- महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आय आर्जनका कार्यक्रममा लगानी गर्न महिला सहकारी मार्फत उपाध्यक्ष महिला उत्थान कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गताको प्रकृति हेरी अपाङ्गता सहायता सामाग्रिहरु वितरण गरिनेछ ।

- महिला उपर हुने घरेलु हिंसाको न्यूनीकरका गर्न आवश्यक तथ्यगत पैरवीका लागि समुदायस्तर देखि गाउँपालिका तहसम्प अभियानका कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका विभिन्न सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरुको रिपोर्टिङ प्रणालीलाई सबलिकरण गर्दै निर्धारित समयभित्रै नविकरण गर्न विशेष पहल गरिनेछ ।
- भ्रष्टचार जन्य क्रियाकलापप्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुति गराईनेछ ।
- कालोबजारी रोक्नको लागि नियमित बजार अनुगमन गरि कालोबजारी गर्ने गुणस्तरहिन सामानहरु बेच्ने व्यापारीलाई कारवाहीको दायरामा ल्याईनेछ ।
- सुचना तथा संचार प्रविधिको प्रयोग मार्फत छिटो छरितो, मितव्ययी, पारदर्शी र प्रभावकारी रुपमा सेवा र सुविधाहरु सर्वसुलभरुपमा उपलब्ध गराउँदै लगिनेछ ।
- सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्बनलाई निरन्तरता दिइनेछ ।
- रेडिय सत्यवाणी लगायतका स्थानीय संचार माध्यमहरुलाई प्रोत्साहन गर्दै समग्र संचार माध्यमहरुसँग समन्वय गरि सूचना प्रवाहलाई प्रभावकारी बनाईनेछ ।
- प्रगतिशिल कर प्रणाली अबलम्बन गरिनेछ । कर अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाउँदै लगिनेछ । हाल ३ वटा वडामा सञ्चालनमा रहेको अनलाईन राजश्व संकलन प्रणालीलाई सवै वडाहरुमा सञ्चालनमा ल्याइनेछ ।
- कर संकलनमा वृद्धि गर्नको लागि निर्धारित समयभित्रै कर तिर्नेलाई छुट तथा ढिला गरि तिर्ने करदातालाई जरिवानाको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा दर्ता हुन आएका व्यवसायहरु समयमा नविकरण गर्ने बानिको विकास गराउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरि समयमै कर तिर्न उत्सुक बनाई गाउँपालिका अन्तर्गतका बसोबास गर्ने सवैलाई करको दायरामा ल्याईनेछ ।
- सहकारी संस्थाहरुलाई एकीकरणमा प्रोत्साहन गर्न एकिकरण भएको ३ वर्ष सम्म कर छुट हुने व्यवस्था मिलाउन आवश्य रणनीति अवलम्बन गरिनेछ ।
- पालिकाभित्र वर्षौंदेखि भएका सार्वजनिक जग्गाहरु माथिको अतिक्रमण रोकी पर्यटन प्रवर्धनको लागि पार्कहरु निर्माण गरिनेछ ।
- हरेक महिनाको अन्तिम शुक्रवार जनतासँग गाउँपालिका अध्यक्ष कार्यक्रम सञ्चालन गरि प्रत्येक वडाको टोल टोलमा जनता पालिका अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

आदरणीय सभासदस्य ज्यूहरु,

आर्थिक वर्ष ०७९।८० को लागि प्रस्तुत गरिएका निति तथा कार्यक्रमहरुलाई आगामी दिनहरुमा प्रभावकारी रुपमा सम्पन्न गर्ने दृढ संकल्पका साथ सम्बृद्ध र सुखि विहादीको परिकल्पना साकार पार्न हामी सवैको साझा सहमती, सहकार्य र समन्वययबाट मात्र गन्तव्यमा पुग्न सकिन्छ भन्ने कुरामा पुर्ण विश्वास गरेको छु ।

यस गरिमामय सभामा प्रस्तुत गरिए बमोजिममा अपेक्षित उपलब्धी हाँसिल गर्न सम्पूर्ण सभा सदस्यज्यूहरु, राष्ट्रसेवा कर्मचारी, राजनैतिक दल, शिक्षक, सुरक्षाकर्मी, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, पत्रकार लगायत आम विहादीबासीहरुको अमुल्य सहयोग तथा सहभागीताले सम्भव हुने कुरा अवगत गराउँदै यस गाउँपालिकाभित्र सञ्चालन हुने हरेक सकारात्मक क्रियाकलापहरुमा यहाँहरु सवैको सार्थक सहभिगताबाट सुन्दर र समुन्नत विहादी बनाउने अपेक्षा सहित यहाँहरु प्रति हार्दिक आभार प्रकट गर्दै विदा हुन्छु, धन्यवाद ।